## विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु
## (प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११४ सँग सम्बन्धित)

**विधेयकको नामः** धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१
**प्रस्तुतकर्ताः** माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु पौडेल

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्यहरु (दर्ताक्रम अनुसार):**

| द.नं. | माननीय सदस्यहरुको नाम, थर |
|---|---|
| १. | मा. नागिना यादव |
| २. | मा. गणेश पराजुली |
| ३. | मा. देवेन्द्र पौडेल |
| ४. | फिर्ता गरिएको |
| ५. | मा. प्रेम सुवाल |
| ६. | मा. लक्ष्मी तिवारी |
| ७. | मा. डा. स्वर्णिम वाग्ले, मा. सुमना श्रेष्ठ |
| ८. | मा. ठाकुर प्रसाद गैरे |
| ९. | मा. नारायण प्रसाद आचार्य |
| १०. | मा. उदय शम्शेर ज.ब.रा. |
| ११. | मा. श्याम कुमार घिमिरे, मा. राजेन्द्र कुमार के.सी., मा. सञ्जय कुमार गौतम, मा. राजेन्द्र बजगाई, मा. कल्पना चौधरी |
| १२. | मा. मैना कार्की |
| १३. | मा. कृष्ण कुमार श्रेष्ठ |
| १४. | मा. दामोदर पौडेल, मा. दिपा शर्मा |
| १५. | मा. सोबिता गौतम |
| १६. | मा. डा. तोसिमा कार्की |
| १७. | मा. माधव सापकोटा, मा. छिरिङ डम्डुल लामा |

| | |
|---|---|
| १८. | मा. मनिष झा |
| १९. | मा. गगनकुमार थापा, मा. जीवन परियार, मा. प्रतिमा गौतम, मा. कुसुमदेवी थापा |

**संशोधनको विवरणः**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| १. | मा. प्रेम सुवाल | उद्देश्य र कारण | उद्देश्य र कारणमा "नेपालको संविधानमा उल्लेखित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको लागि उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्नु आवश्यक भएकोले" थप्नु पर्ने। |
| २. | मा. प्रेम सुवाल | सैद्धान्तिक अवधारणा | सैद्धान्तिक अवधारणामा "आर्थिक समानता र सामाजिक न्यायका लागि राज्यको हस्तक्षेपकारी भूमिका अपरिहार्य भएको र पुँजी बजारको विकास तथा प्रभावकारी नियमन गर्न उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुनु जरुरी भएको" थप्नु पर्ने । |
| ३. | मा. प्रेम सुवाल | प्रस्तावना | "नेपालको संविधान अनुसार समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सरकारको ५१ प्रतिशत र नेपाली नागरिकको ४९ प्रतिशत शेयर भएको कम्पनी धितोपत्र वोर्डमा सूचिकृत हुने गरी धितोपत्र सम्वन्धि ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले" राखु पर्ने । |
| ४. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | १ | **उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः**<br>"(३) पहिलो संशोधनमार्फत अद्यावधिक गरिएको धितोपत्रको परिभाषाअन्तर्गत थपिएका वित्तीय उपकरणलाई नियमन गर्न आवश्यक क्षमता-प्रमाणित जनशक्तिका लागि विशिष्टीकृत तालिम, "ट्रेडर" को सर्टीफिकेशन र लाइसेन्सिङ्ग, श्रोतको सुनिश्चितता र कार्यान्वयनको योजना यो ऐन लागू भएको १२ महिना भित्र गरिसक्नुपर्ने छ।" |
| ५. | मा. प्रेम सुवाल | २ | **उपदफा (३) को खण्ड (च) मा देहाय बमोजिम हुनु पर्नेः**<br>'धितोपत्र' भन्नाले 'नेपाल सरकारको ५१ प्रतिशत शेयर भएको कम्पनी' थप्नु पर्ने |

| | | | |
|---|---|---|---|
| ६. | मा. उदय शम्शेर ज.ब.रा | २ | **<u>उपदफा (१), (४) र (५) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(१) <u>खण्ड ग (१) पछि देहायको खण्ड ग(२) थपिएको छ:</u><br>ग (२) "कर्नरिङ्ग भन्नाले कुनै व्यक्ति वा समहू मिलेर कुनै कम्पनीको शेयर किनेर थुपारी बजारमा अभाव सृजना गरि कम्पनीको सेयरको मूल्य बढाउने अथवा कनै कम्पनीको शेयर मूल्य बढाउने मनसायले कुनै कम्पनीको शेयरको माग उच्च छ भनी देखाउन कृत्रिम खरिद आदेश गर्ने कार्यहरुलाई सम्झनु पर्नेछ।"<br>(४) उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (४) थपी बाँकीको क्रम संख्या मिलाउने।<br><u>खण्ड ड पछि देहायको खण्ड ड१ थपिएको छ:</u><br>"पम्प एंड डम्प भन्नाले योजनाबद्ध रुपमा कम मूल्यमा शेयर खरिद गरी सोही शेयरको मूल्य बढाउने प्रयोजनको लागि विभिन्न हल्ला फैलाई कृत्रिम रुपमा शेयरको मूल्य बढाई कायम रहेको मुल्यमा शेयर बेच्ने गतिविधिलाई सम्झनु पर्नेछ।"<br>(५) उपदफा (४) पछि देहाय बमोजिमको उपदफा (५) थपिएका<br><u>खण्ड न पछि देहाय बमोजिमको खण्ड न१ थपिएको:</u><br>"सर्कुलर ट्रेडिङ्ग भन्नाले शेयरको कारोबार भैरखने भन्ने भ्रम फैलाई शेयर मूल्य बढाउनको निम्ति योजनाबद्ध रुपमा व्यक्ति अथवा समूह मिलेर अन्तिम कारोबार हुँदा शेयरको स्वामित्वमा फरक नपर्ने गरी एक आपसमा गरिने कारोबार सम्झनु पर्नेछ।" |
| ७. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम, | २ | मूल ऐनको दफा २ढ को सट्टा "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र प्राधिकरण सम्झनु पर्दछ। |

| | | | |
|---|---|---|---|
| | मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | | |
| ८. | मा. उदय शम्शेर ज.ब.रा | ३ | <u>**उपदफा (१) को खण्ड (ख) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>दफा ३ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहाय बमोजिमको खण्ड (ख) राख्नु पर्ने:<br><br>(ख) खण्ड (छ) को सट्टा "कम्तिमा १ जना महिला हुने गरी नेपाल सरकारले नियुक्त गरेको तिन जना" भन्ने प्रावधान रखिएको। |
| ९. | मा. गणेश पराजुली | ३ | मूल ऐनको दफा ३ को,–(१) उपदफा (२) को,– खण्ड (ङ) र च) कायम राख्ने (२) उपदफा (३) कायम राख्ने । |
| १०. | मा. देवेन्द्र पौडेल | ३ | <u>**उपदफा (२) को उपखण्ड (ङ) र (च) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>खुला र प्रजातान्त्रिक अर्थ व्यवस्था अन्तर्गत निर्णय प्रक्रियामा सरोकारवालाहरुलाई समावेश गर्ने सर्वमान्य मान्यता अनुरुप मुलुक भरका साना ठुला व्यवसायी सम्मिलित निजी क्षेत्रको सबै भन्दा ठुलो र व्यावसायिक संस्था नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि वोर्ड संचालक समितिमा रहने व्यवस्था रहेको र साना ठुला सबै तहका लागानी कर्तालाई प्रतिनिधित्व रहने छैन भने व्यवसायिक र व्यावहारिक निर्णय नहुने जोखिम रहन्छ।<br>साथै, पाँच जना संचालकहरुमध्ये चार जना सरकारकै निकाय र एकजना सरकारले नै नियुक्त गर्ने विज्ञ संचालक हुँदा स्वतन्त्र नियामक निकायको मर्म विपरित सम्पूर्ण रुपमा प्रक्रिया पारदर्शी नहुने जोखिम पनि रहेकोले व्यावसायिकता, पारदर्शिता र समावेशिताका लागि महासंघ लगायत संस्थाको प्रतिनिधि हटाउन नहुने। |
| ११. | मा. लक्ष्मी तिवारी | ३ | मूल ऐनको दफा ३ को,- (१) उपदफा (२) को,- खण्ड (ङ) कायम राख्ने। मूल ऐनको (२) उपदफा (३) यस बमोजिम परिमार्जन गरी कायम राख्ने। |
| १२. | मा. ठाकुर प्रसाद गैरे | ३ | <u>उपदफा (१), (२) र (३) मा देहाय बमोजिम हुनु पर्ने:</u> |

| | | | |
|---|---|---|---|
| | | | (१) उपदफा (२) को खण्ड (ङ) र (च) झिकिएका छन् भन्ने शब्द हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने।<br>(२) "उपदफा (३) झिकिएको छ" भन्ने शब्दहरु हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने।<br>(३) प्रादेशिक शाखा पछि "र स्थानीय तहमा समेत सम्पर्क" भन्ने शब्दहरु थप्ने। |
| १३. | मा. नारायण प्रसाद आचार्य | ३ | उपदफा (१) र (२) मा देहाय बमोजिम हुनु पर्ने:<br>(१) उपदफा (२) को खण्ड (ङ) र (च) झिकिएका छन् भन्ने शब्द हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने।<br>(२) "उपदफा (३) झिकिएको छ" भन्ने शब्दहरु हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने। |
| १४. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | ३ | "बोर्डको स्थापना"को सट्टा "प्राधिकरणको स्थापना" राख्ने।<br>(१) मूल ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राख्नेः-<br>"(ङ) बोर्डको कार्यकारी निर्देशक मध्येबाट अध्यक्षको सिफाशिसमा नेपाल सरकारबाट नियुक्त हुने एक जना उपाध्यक्ष- सदस्य" (ने.रा.बैंकको डेपुटी गभर्नर जस्तै)<br>"(च) वाणिज्य कानूमा स्नातकोत्तर हासिल गरी धितोपत्र बजार वा आर्थिक क्षेत्रमा कम्तिमा सात वर्षको अनुभव प्राप्त गरेका विज्ञहरुबाट नेपाल सरकारले मनोनित गरेको एक जना सदस्य ।<br>- मूल ऐनको दफा ३ उपदफा (२) छ लाई यथावत राख्ने।<br>मूल ऐनको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (३क) र (३ख) थप गर्ने:<br>"(३क.) कार्यकारी उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ। |

| | | | |
|---|---|---|---|
| | | | (३ख) कार्यकारी उपाध्यक्षको सेवा तथा शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।” |
| १५. | मा. मैना कार्की | ३ | मूल ऐनको दफा ३ मा संशोधन: "बोर्डको स्थापना"को सट्टा "प्राधिकरण स्थापना" राख्ने। |
| १६. | मा. कृष्ण कुमार श्रेष्ठ | ३ | उपदफा (२) को खण्ड (ङ) र (च) मा देहाय बमोजिम हुनु पर्ने:<br>(ङ) प्रतिनिधि, नेपाल चाटर्ड एकाउण्टेण्डस संस्था- सदस्य<br>(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ- सदस्य।<br>दफा ३ को उपदफा (२) को खण्ड (ङ) र (च) झिकिएका छन् भन्ने शब्द हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने।<br>उपदफा २ को खण्ड (ङ) (च) बमोजिम सम्बन्धित संस्थाले प्रतिनिधि मनोनयन गर्दा कम्तिमा स्नातक उपाधी हासिल गरी लेखा, उद्योग, वाणिज्य, वित्तीय, बैंकिङ्ग आर्थिक वा कानुन विषयमा कम्तिमा सात वर्ष काम गरेको अनुभव भएको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ।<br>दफा ३ को उपदफा (३) झिकिएको छ भन्ने शब्दहरु हटाई मूल ऐनको व्यवस्था यथावत कायम राख्ने। |
| १७. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ३ | **उपदफा (३) मा देहाय बमोजिम हुनु पर्ने:**<br>(३) प्रादेशिक शाखा पछि “र स्थानीय तहमा समेत सम्पर्क” भन्ने शब्दहरु थप्ने। |
| १८. | मा. सोबिता गौतम | ३ | **खण्ड (ज) थप गर्ने:**<br>सेयर लगानीकर्ताबाट प्रतिनिधित्व हुने गरी समावेशी २ महिला - सदस्य |
| १९. | मा. तोसिमा कार्की | ३ | मूल ऐनको दफा ३ को,- (१) उपदफा (२) को खण्ड (ङ) कायम राख्ने।<br>(२) उपदफा (३) कायम राख्ने |
| २०. | मा. माधव सापकोटा,<br>मा. छिरिङ डम्डुल लामा | ३ | **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को,<br>उपदफा (२) को खण्ड (ङ) र (च) को सट्टा देहाय बमोजिमको खण्ड (ङ) राख्ने। |

| | | | |
|---|---|---|---|
| | | | (ङ) बोर्डको कार्यकारी निर्देशक मध्येबाट अध्यक्षको सिफारिसमा नेपाल सरकारले मनोनीत गरेको दुई जना पूर्ण कालिन सदस्य।<br><br>(घ) मा नेपाल राष्ट्र बैकको कार्यकारी निर्देशक सदस्य हुने व्यवस्था गर्ने। |
| २१. | मा. मनिष झा | ३ | मूल ऐनको दफा ३ को, (१) उपदफा (२) को खण्ड (ङ) र (च) कायम राख्ने र (२) उपदफा (३) कायम राख्ने। |
| २२. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | ३ | <u>**मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ कायम गर्ने:**</u><br><br>बोर्डको स्थापना : (१) पूँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि नेपाल धितोपत्र बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएको छ ।<br><br>(२) उपदफा (१) बमोजिम स्थापना हुने बोर्डमा देहायका सदस्यहरु रहने छन् :-<br><br>(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति- अध्यक्ष<br><br>(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य<br><br>(ग) सह-सचिव, कानून, न्याय तथा मामिला मन्त्रालय संसदीय- सदस्य<br><br>(घ) प्रतिनिधि, प्रथम श्रेणी सरहको नेपाल राष्ट्र बैंकको कर्मचारी- सदस्य<br><br>(ङ) अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, वित्तीय, वाणिज्य वा कानून विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल |

| | | | |
|---|---|---|---|
| | | | गरी धितोपत्र बजार, व्यवस्थापन, पूँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका विज्ञहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तिमा एक महिला सहित दुईजना- सदस्य<br><br>(च) बोर्डले तोकिदिएको बोर्डमा कार्यरत विशिष्ट श्रेणीको एकजना कर्मचारी- सदस्य सचिव<br><br>(३) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्ष हुनेछ ।<br><br>(४) कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र बोर्डले गरेको काम कारबाहीमा कुनै असर पर्ने छैन ।<br><br>(५) बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।<br><br>(६) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार प्रादेशिक शाखा वा सम्पर्क कार्यालय खोल्न सक्नेछ । |
| २३. | मा. प्रेम सुवाल | ४ | **खण्ड द२, द३ र द५ मा देहाय बमोजिम हुनु पर्ने:**<br>द२ 'नेपाल सरकारको स्वीकृति लिई' थप्नु पर्ने।<br>द३ 'नेपाल सरकारको स्वीकृति लिई' थप्नु पर्ने।<br>द५ 'तोकिएको भन्दा बढी सम्पत्ति भएका नेपाली नागरिकको सम्पत्ति स्वतः राज्यको नाममा ल्याई पूँजी बजारमा सहभागी गराईने छ' थप्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| २४. | मा. सोबिता गौतम | ४ | **<u>खण्ड (क), (ख) र (ग) थप गर्ने:</u>**<br>(क) कम्पनीले प्रथम सार्वजनिक निष्काशन गर्दा चुक्ता पूँजीको ३० प्रतिशत शेयर सर्वसाधारणलाई विक्री वितरण गर्नका लागि छुट्याउनु पर्ने ।<br>यस दफाको प्रयोजनका लागि "सर्वसाधारण" भन्नाले प्राकृतिक व्यक्तिलाई सम्झनु पर्छ ।<br>(ख) कम्पनीले प्रथम सार्वजनिक निष्काशन गर्दा चुक्ता पूँजीको ३० प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरण गरी बाँकी चुक्ता पूँजीको १९ प्रतिशत शेयर बुक विडिङ्ग विधि लगायतका माध्यमबाट संगठित संस्थालाई र विदेशमा रोजगारीमा रहेका नेपाली लगायतलाई विक्री वितरण गर्न सकिने ।<br>(ग) कम्पनीले सार्वजनिक निष्काशन गरी बाँकी रहेको चुक्ता पूँजीको ५१ प्रतिशत संस्थापक शेयरहरु सर्वसाधारणलाई प्रथम सार्वजनिक निष्काशनको मितिले प्रत्येक ३ बर्षमा १७ प्रतिशत सर्वसाधारण शेयरमा परिणत गर्न सकिने छ । |
| २५. | मा. प्रेम सुवाल | ५ | **<u>उपदफा (१) को खण्ड (ख) उपखण्ड (१) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(१) 'सूचिकृत संगठित संस्थाको पदाधिकारी विश्वविद्यालय वा कलेजमा कम्तीमा दश वर्ष वा सोभन्दा बढी प्राध्यापन गरेकालाई सम्बन्धित क्षेत्रबाट निर्वाचन गराई नियुक्ति गरिने छ' थप्नु पर्ने।<br>**<u>उपदफा (२) को खण्ड (ड) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(ड) 'तोकिएको सम्पत्तिभन्दा बढी भएका र विदेशमा सम्पत्ति भएका' थप्नु पर्ने।<br>**<u>उपदफा (३) को खण्ड (झ) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(झ) 'तोकिएको भन्दा बढी सम्पत्ति भएका र विदेशमा सम्पत्ति भएका' थप्नु पर्ने। |
| २६. | मा. उदय शम्शेर ज.ब.रा | ५ | विधेयकको दफा ४ पछि देहायको दफा ५ थपी बाँकीको क्रम संख्या मिलाउने:<br>५. (१) मूल ऐनको दफा ७ को उपदफा २ को सट्टा "दफा १० बमोजिम को योग्यता भएको" भन्ने शब्दहरु राख्ने। |

| | | | |
|---|---|---|---|
| | | | (२) मूल ऐनको दफा ७ को उपदफा ३ मा रहेको “राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको” सट्टा “राष्ट्रिय योजना आयोगको उपाध्यक्ष” भन्ने शब्दहरु राख्ने।<br><br>(३) मूल ऐनको दफा ७ को उपदफा ८ मा रहेको “अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्य” भन्ने शब्दको सट्टा “नेपाल सरकार बाट नियुक्त भएको प्रतिनिधि मध्ये सबै भन्दा जेष्ठ सदस्य” भन्ने शब्द राख्ने।<br>**<u>खण्ड (ग) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(ग) अध्यक्ष तथा सदस्यको योग्यता स्पष्ट पार्न जरुरी भएको हुनाले विधेयकको दफा ४ पछि देहायको दफा ५ राखी बाँकीको क्रम संख्या मिलाउने।<br><br>५. मूल ऐन को दफा १० को खण्ड (ग) को सट्टा देहाय बोजिमको राख्ने:<br><br>“१० (ग) आर्थिक, मौद्रिक, बैकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, गणित वा कानुन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बेकिङ्ग, वित्तीय वा वाणिज्य कानुनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको<br><br>स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि “कार्य अनुभव” भन्नाले नेपाल सरकार वा बैङ्कको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा “क” श्रेणीको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा सो सरहको पद वा मर्यादाक्रममा सो पदभन्दा उच्च पदमा गरेको कार्य अनुभव सम्झनु पर्नेछ।”<br>**<u>उपदफा (१) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>नेपाल सरकारको स्वामित्व भएको सुचिकृत संस्थाको पधादिकारी धितोपत्र बोर्डको अध्यक्ष वा सदस्यको रुपमा नियुक्त हुँदा स्वार्थको द्वन्द हुने हुँदा हाल विधेयक दफा ५ उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशलाई हटाउने। |

| | | | |
|---|---|---|---|
| २७. | मा. उदय शम्शेर ज.ब.रा | ६ | विधयेकको दफा ५ पछि देहाय बमोजिमको दफा ६ थपी बाँकीको क्रमसंख्या मिलाउने।<br>६. मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ रखिएको।<br>“कार्यकाल पुरा नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त भएमा नेपाल सरकारले यस ऐन बमोजिमको प्रक्रिया पुरा गरी अध्यक्ष र सदस्यको यस ऐन बमोजिम हुने पूर्ण कार्यकालको लागि नियुक्ति गर्न सक्नेछ।<br><br>विधेयकको दफा ६ पछि देहाय बमोजिमको दफा ७ थपी बाँकीको क्रम संख्या मिलाउने:<br>(१) मूल ऐन को दफा दफा ३६ को उपदफा (५) को सट्टामा देहायको उपदफा रखिएको।<br>“(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो संशोधन लागू भएको मितिबाट धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी बजारको अनुमतिपत्र प्रधान गर्ने कार्य प्रतिस्पर्धात्मक बोलकबोलबाट गर्ने छ। यसरी अनुमतिपत्र दिनको निम्ति गरिने बोलकबोलको आवहान वर्षमा ५ पटक भन्दा बढी हुने छैन ।”<br>(२) दफा ३७ को सट्टा देहायको दफा ३७ रखिएको:<br>“३७. दफा ३६ को उपदफा ५ बमोजिम गर्नको निम्ति धितोपत्र बोर्डले बोलकबोल सम्बन्धी कार्यविधि तयार गर्ने छ। यसरी कार्यविधि तयार गर्दा अवलम्बन गर्ने विधिको व्याख्यात्मक टिप्पणी समेत पेश गर्नु पर्नेछ र अवलम्बन गरिएको बोलकबोल विधि तथा बोलकबोल विधि समाप्त भएपछि सोसँग सम्बन्धित कागजातहरु सार्वजनिक गर्नु पर्नेछ।”<br>(३) दफा ३८, ३९, ४०, ४१, र ५० झिकिएको। |

| | | | |
|---|---|---|---|
| २८. | मा. नागिना यादव | ७ | <u>**उपदफा (१) र (३) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>(१) "आ.व. समाप्त हुनु अगावै" को सट्टामा "आ.व. समाप्त भएको हालको व्यवस्था ३ महिना" यथावत राख्नु पर्ने ।<br>(३) "अनुमति पत्रको अवधि समाप्त भएको ७ दिनभित्र" भन्ने शब्दको सट्टामा हालको व्यवस्था तीन महिना हुनु पर्ने । |
| २९. | मा. नागिना यादव | ९ | <u>**मूल ऐनको दफा ५३ मा संशोधन उपदफा (१) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>धितोपत्रको प्रणालीगत वा अन्य संरचनागत जोखिमबाट लगानीकर्ता, धितोपत्र, व्यवसायी, निक्षेप सदस्य, केन्द्रीय निक्षेप सेवा प्रदायक, धितोपत्र बजार समेत हुन सक्ने क्षतिबाट जोगाउन धितोपत्र बजार हो । तोकिएबमोजिम क्षतिपूर्ती कोषको स्थापना गर्नुपर्ने देखिन्छ । |
| ३०. | मा. माधव सापकोटा,<br>मा. छिरिङ डम्डुल लामा | ९ | <u>**मूल ऐनको दफा ५३ मा थप गर्ने:**</u><br>- दबाव, प्रभाव र प्रलोभनबाट पुँजी बजारमा उत्पन्न हुन सक्ने असन्तुलन रोक्ने व्यवस्था गर्ने लागानीकर्ताको सुरक्षा सुनिश्चित गर्ने । |
| ३१. | मा. प्रेम सुवाल | ९ | <u>**उपदफा (१) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>'उक्त कोषको रकमबाट नेपालका युवालाई बेरोजगारी भत्ता, मजदुर र किसानका छोराछोरीको स्वास्थ्य र शिक्षाको व्यवस्था गर्न प्राथमिकतामा राखिने छ' थप्नु पर्ने। |
| ३२. | मा. नागिना यादव | १० | <u>**दफा ५५ख को उपदफा (१) थप गर्नु पर्ने:**</u><br>अनुमति पत्र प्राप्त गरी निक्षेप सेवा सञ्चालन गरेको कम्तीमा १० बर्षसम्म अन्य कुनै निक्षेप सेवा संस्थासँग Merger गर्न नपाउने। (गाभीने वा गाभ्ने प्रक्रिया)<br><u>**दफा ५५घ को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>आ.व. समाप्त हुनु अगावैको आ.व. समाप्त भएको तीन महिनाभित्र हुनुपर्ने।<br><u>**दफा ५५घ को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्ने:**</u><br>अनुमति पत्रको अवधि समाप्त भएको सात (७) दिनभित्र भन्ने शब्दको सट्टामा तीन महिना हुनुपर्ने। |

| | | | |
|---|---|---|---|
| ३३. | मा. ठाकुर प्रसाद गैरे | १० | **<u>५५ख. को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) नाम प्रयोग गर्न पछि "गराउन पाउने छैन" शब्दहरु थप्ने।<br>**<u>५५घ को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(३) सात पछि "देखि पन्ध्र" शब्द थप्ने।<br>**<u>५५च को खण्ड (ग) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(ग) सदस्यको पछि " प्रभावकारी" शब्द थप्ने। सोहीको घ मा संस्थासँगपछि "लिखित" शब्द थप्ने। सोहीको छ मा सुरक्षित रुपमा पछि "अभिलेख" शब्द थप्ने। |
| ३४. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | १० | **<u>५५ख. को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) नाम प्रयोग गर्न पछि "गराउन पाउने छैन" शब्दहरु थप्ने।<br>**<u>५५घ को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(३) सात पछि "देखि पन्ध्र" शब्द थप्ने।<br>**<u>५५च को उपदफा (ग) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(ग) सदस्यको पछि " प्रभावकारी" शब्द थप्ने। सोहीको घ मा संस्थासँगपछि "लिखित" शब्द थप्ने। सोहीको छ मा सुरक्षित रुपमा पछि "अभिलेख" शब्द थप्ने। |
| ३५. | मा. प्रेम सुवाल | १० | **<u>उपदफा (४) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>मूल ऐनको दफा ५५ (ख) मा 'तोकिएकोभन्दा ठूला व्यवसायीलाई धितोपत्र कारोवार संस्थाको अनुमति दिने छैन' थप्नु पर्ने ।<br>मूल ऐनको दफा ५५ (च) मा 'आर्थिक विषमताले समाजमा विद्रोह ल्याउने हुँदा आर्थिक समानता कायम हुनेगरी आवश्यक काम गर्नेछ' थप्नु पर्ने । |
| ३६. | मा. ठाकुर प्रसाद गैरे | ११ | **<u>५६क को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) व्यवस्था पछि "नियमावली" शब्द थप्ने। |
| ३७. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ११ | **<u>५६क को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) व्यवस्था पछि "नियमावली" शब्द थप्ने। |
| ३८. | मा. उदय शम्शेर ज.ब.रा | ११ | सो संसोधन प्रस्तावलाई झिक्ने। |

| | | | |
|---|---|---|---|
| ३९. | मा. नागिना यादव | १३ | **<u>दफा ६१ को उपदफा (२) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) "आ.व. समाप्त हुनु अगावै" को सट्टामा "हालको व्यवस्था तीन महिना" यथावत हुनुपर्ने।<br>(३) "अनुमति पत्र अवधि समाप्त भएको ७ (सात) दिनभित्र" भन्ने शब्दको सट्टामा "हालको व्यवस्था तीन महिना" यथावत हुनुपर्ने । |
| ४०. | मा. उदय शम्शेर ज.ब.रा | १५ | हालको व्यवस्थाको सट्टा देहाय बमोजिमको व्यवस्था राख्ने।<br>१५. मूल ऐनमा दफा ६३क थप : मूल ऐनको दफा ६३ पछि देहायको ६३क थप गरिएको छ।<br>"६३ क. मार्जिन प्रदान गर्न सक्नेः (१) धितोपत्र व्यवसायीले लागनिकर्तालाई धितोपत्र कारोबारको लागि तोकिए बमोजिमको सीमासम्म मार्जिन प्रधान गर्न सक्छ। यसरी मार्जिन प्रधान गर्नका निम्ति धितोपत्र व्यवसायीलाई बैङ्क तथा वित्तिय संस्था सरह मानिनेछ।<br>(२) मार्जिन सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैङ्कले तोके बमोजिम हुनेछ । |
| ४१. | मा. माधव सापकोटा,<br>मा. छिरिङ डम्डुल लामा | १६, १७ | प्रस्तावित संशोधनको बुँदा नं १६ र १७ हटाउनु पर्ने । |
| ४२. | मा. उदय शम्शेर ज.ब.रा | १९ | दफा १८ पछि देहायको दफा १९ थपी बाँकीको क्रम संख्या मिलाउनेः<br>१९. मूल ऐनको दफा ७६ पछि देहाय को ७६क थपिएकोः<br>७६कः धितो पत्र व्यवसायीले आफ्नो आधिकारिक प्रतिनिधि राख्न पाउनेछ । आधिकारिक प्रतिनिधिको न्युनतम योग्यता धितोपत्र बोर्डले तोक्न सक्नेछ ।<br>लेखापरिक्षकको छुट्टै परिक्षण विधी भएको हुँदा बोर्डमा सुचिकृत गर्ने प्रावधान आवश्यक नभएको कारणले दफा १८ पछि थप गरिएको दफा १९ पछि देहायको दफा २० थपी बाँकीको क्रम संख्या मिलाउने। |

| | | | |
|---|---|---|---|
| | | | २० (१) मूल ऐन को दफा ८० (१) मा रहेको "बोर्डले सुचिकृत गरेको लेखापरिक्षक" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखापरिक्षक" भन्ने शब्दहरु रखिएको।<br>२० (२) मूल ऐन को दफा ८१ झिकिएको।<br>२० (३) मूल ऐन को दफा ८३ मा ठाउँ ठाउँ मा रहेको सुचिकृत भन्ने सब्द झिकिएको। |
| ४३. | मा. उदय शम्शेर ज.ब.रा | २०,२२,२४ | विधेयकको दफा २०, २२, र २४ को प्रावधान हटाउनु पर्ने। |
| ४४. | मा. उदय शम्शेर ज.ब.रा | २६ | **विधयेकको दफा २५ पछि दफा २६ थपेर बाँकीको क्रम संख्या मिलाउने**:<br>२६. मूल ऐनको दफा ९६ पछि देहाय बमोजिम को दफा ९६क थपिएको।<br>९३क "कर्नीरिङ्ग, पुम्प एंड डम्प,सर्कुलर ट्रेडिङ्गः कुनै पनि व्यक्तिले आफूले अथवा अन्य कुनै व्यक्तिसँग मिलेर कर्नीरिङ्ग, पुम्प एंड डम्प, सर्कुलर ट्रेडिङ्ग गर्नु नहुने। |
| ४५. | मा. उदय शम्शेर ज.ब.रा | २७ | **दफा २७ को उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (२) थपी बाँकीको क्रम संख्या मिलाउने:**<br>(२) मूल ऐनको दफा १०१ उपदफा २ मा रहेको "दफा ९४, ९५ र ९६" भन्ने शब्दहरुको पछि "९६क" भन्ने थप्ने। |
| ४६. | मा. नागिना यादव | २७ | **दफा १०१ को उपदफा (१) र (७) मा देहाय बमोजिम हुनु पर्ने:**<br>(१) दुबै सजाय शब्द पश्चात पाँच बर्षसम्म धितोपत्र सम्बन्धी कुनै कार्य तथा कारोबार समेत गर्न नपाउने व्यवस्था हुनु पर्ने ।<br>(७) धितोपत्र बोर्डबाट गरिने जरिवाना निकै बढी भएकोले यसलाई पुनरावलोकन हुनु पर्ने। |
| ४७. | मा. उदय शम्शेर ज.ब.रा | २९ | **दफा २८ पछि देहायको दफा २९ राखी बाँकीको क्रम संख्या मिलाउने:** |

| | | | |
|---|---|---|---|
| | | | २९. मूल ऐनको दफा १०२ मा संसोधन : मूल ऐनको दफा १०२ मा रहेको दफा “९१, ९४, ९५, ९६” भन्ने पछि “९६क” थपिएको।<br><br>**<u>दफा २९ पछि दफा ३० थपी क्रम संख्या मिलाउनु पर्ने:</u>**<br><br>३०. मूल ऐनको दफा १०३ को उपदफा ३ को सट्टा देहाय बमोजिमको उपदफा राखिएको।<br>“उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा गरिएको कसुर देखिएमा आधिकृत स्तरको कर्मचारीले अनुसन्धान गर्नेछ। यसरी अनुसन्धान गर्दा प्रहरी प्रधान कार्यालयले सहयोग गर्नु पर्नेछ । |
| ४८. | मा. ठाकुर प्रसाद गैरे | ३१ | **<u>मूल ऐनको दफा ११०क को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(२) हासिल गरेको पछि “तिनदेखि पाँच वर्षको कार्य अनुभव” शब्द थप्ने। |
| ४९. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ३१ | **<u>मूल ऐनको दफा ११०क को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(२) हासिल गरेको पछि “तिनदेखि पाँच वर्षको कार्य अनुभव” शब्द थप्ने। |
| ५०. | मा. ठाकुर प्रसाद गैरे | ३२ | **<u>मूल ऐनको दफा १११क को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(३) हटाउने। |
| ५१. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ३२ | **<u>मूल ऐनको दफा १११क को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(३) हटाउने। |
| ५२. | मा. मनिष झा | ३४ | **<u>उपदफा (१) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>संस्थाले शब्द पछि “अर्थ मन्त्रालयको परामर्शमा” भन्ने शब्द राख्नु पर्ने। |
| | | | **<u>मूल ऐनमा संशोधन:</u>** |
| ५३. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई, | ४ | **<u>मूल ऐनको दफा ४ र दफा ४ को उपदफा (१) को सट्टा देहायको दफा ४ र दफा ४ को उपदफा (१) राख्ने:</u>**<br>“४.प्राधिकरण स्वायत्त, स्वशासित संगठित संस्था हुनेः (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त स्वशासित संगठित संस्था हुनेछ ।” |

| | | | |
|---|---|---|---|
| | मा. कल्पना चौधरी | | |
| ५४. | मा. माधव सापकोटा,<br>मा. छिरिङ डम्डुल लामा | ४ | **<u>मूल ऐनको दफा ५, (द४)मा थप गर्ने:</u>**<br>- पाठ्यक्रममा धितोपत्र/पुँजी बजारको विषय समावेश गर्नुपर्ने ।<br>- नवप्रवेशी लागानीकर्तालाई धितोपत्र/पुँजीबजार सम्बन्धी पर्याप्त सूचना र ज्ञान प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने, सूचनाको पहुँचमा सुगमता पैदा गर्ने । |
| ५५. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | ५ | **<u>मूल ऐनको दफा (५) मा देहायको खण्ड (न) र (प) थप गर्ने:</u>**<br>"(न) धितोपत्र कारोबारमा स्वार्थ बाझिन सक्ने सबै व्यक्तिहरुको सुची र वर्गीकरण गरी, उनीहरुको गतिविधि नियमन र कारवाही गर्न नियमावली बनाई कार्यान्वयन गर्ने।"<br>"(प) बैङ्क तथा वित्तीय संस्थाहरुलाई अल्पकालीन धितोपत्र "प्रोप्राईटरी ट्रेड" गर्न बन्देज गर्ने" |
| ५६. | मा. ठाकुर प्रसाद गैरे | ५ | **<u>उपदफा द४ मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(द४) ऐनपछि "२०८०" हटाई "२०८१" थप्ने। |
| ५७. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ५ | **<u>उपदफा द४ मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(द४) ऐन पछि "२०८०" हटाई "२०८१" थप्ने। |
| ५८. | मा. गणेश पराजुली | ७ | **<u>उपदफा (३) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(३) उपदफा (२) बमोजिम अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नाका लागि लोक सेवा आयोगको पूर्व अध्यक्ष वा पूर्व सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव वा सहसचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने छ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ। लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ।<br><u>देहायको उपदफा (८) र (९) थप गर्ने:</u> |

| | | | |
|---|---|---|---|
| | | | (८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको पद रिक्त भएमा, उपदफा (७) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा अर्थ मन्त्रालयका सचिवले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ।<br><br>(९) बोर्ड अध्यक्षको कार्यकाल सकिने मितिको एक महिना अगाडि नै अध्यक्षको नियुक्ति प्रकृया सम्पन्न गरिसक्नु पर्नेछ। |
| ५९. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | ७ | **<u>मूल ऐनको दफा ७ को उपदफा (३), (८) र (९) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(३) उपदफा (२) बमोजिम अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नका लागि लोक सेवा आयोगको पूर्व अध्यक्षको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव वा सहसचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने छ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ। लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ।<br><br>(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको पद रिक्त भएमा, उपदफा (७) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा अर्थ मन्त्रालयका सचिवले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ।<br><br>(९) बोर्ड अध्यक्षको कार्यकाल सकिने मितिको एक महिना अगाडि नै अध्यक्षको नियुक्ति प्रकृया सम्पन्न गरीसक्नु पर्नेछ। |
| ६०. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई, | ७ | **<u>उपदफा (१) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(१) "...... अध्यक्षको नियुक्ति गर्नेछ" भन्ने वाक्यांशको सट्टा "वाहलवाला अध्यक्षको म्याद समाप्त हुनु एक महिना अगाडि अध्यक्षको नियुक्ति गर्नुपर्नेछ।" वाक्यांश राख्ने। |

| | | | |
|---|---|---|---|
| | मा. कल्पना चौधरी | | (३) "....सम्बन्धित क्षेत्र हेर्ने सदस्य" भन्ने वाक्यांशको सट्टा "उपाध्यक्ष" भन्ने राखे र "..... धितोपत्र क्षेत्रमा सम्बन्धित विशेषज्ञ रहेको" भन्ने वाक्यांशको सट्टा "नेपाल धितोपत्र प्रधिकरणको पूर्व अध्यक्षहरु मध्येबाट" भन्ने वाक्यांश राखे। |
| ६१. | मा. सोबिता गौतम | ७ | **<u>उपदफा (३), (४) र (५) मा थप गर्ने:</u>**<br>(३) बोडको अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नाका लागि लोक सेवा आयोगको पूर्व अध्यक्ष वा पूर्व सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव वा सहसचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने छ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ। लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ।<br>(४) कार्यकाल पूरा नहुँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन आएमा नेपाल सरकारले यस ऐन बमोजिमको नयाँ नियुक्तिको प्रकृया पूरा गरी कुनै व्यक्तिलाई नियुक्त गर्नेछ।<br><br>(५) न्यूनतम पूँजी र आर्थिक स्रोतः (१) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा तीन अर्ब रुपैयाँमा नघट्ने गरी समय समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।<br>(२) यस ऐन लागू हुँदाको बखत संचालनमा रहेको धितोपत्र बजारले उपदपफा (१) बमोजिमकै न्यूनतम चुक्ता पूँजी दुई बर्षभित्र पुर्याइसक्नु पर्नेछ। |
| ६२. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | ७ | दफा ७ को उपदफा (१) पछि निम्नानुसारको उपदफा (२) थप गरी उपदफा क्रम मिलाउने,<br>अध्यक्षको नियुक्ति प्रक्रिया निजको पदावधि सकिनुभन्दा एक महिना अगाडि सुरु गर्नुपर्नेछ। |

| | | | |
|---|---|---|---|
| | | | मूल ऐनको दफा ७ को उपदफा (७) पछाडि देहायको उपदफा (८) थप गर्ने "यस ऐन मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयले बोर्डको वारिष्ठतम विशिष्ट श्रेणीको अधिकारीलाई बोर्डको अध्यक्षको हैसियतमा काम गर्ने गरी तोक्ने छ।"<br><br><u>उपदफा (८क) थप गर्ने</u>:<br><br>अध्यक्षको नियुक्तिको सार्वजनिक सूचनाः नेपाल सरकारले बहालवाला अध्यक्षको पद रिक्त हुनुभन्दा सामान्यतया एक महिना अगावै अध्यक्षको पदमा यस ऐनको दफा (७) बमोजिम नियुक्त गरी सोको सूचना सार्वजनिकरुपमा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ। |
| ६३. | मा. गणेश पराजुली | १४ | कार्यकाल पूरा नहुँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन आएमा नेपाल सरकारले यस ऐन बमोजिमको नयाँ नियुक्तिको प्रकृया पूरा गरी कुनै व्यक्तिलाई नियुक्त गर्नेछ। |
| ६४. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | १४ | **<u>मूल ऐनको दफा १४ पछि देहायको दफा १४क थप गर्नेः</u>**<br>"१४क. कायममुकायमः प्राधिकरणको अध्यक्षको कार्यकाल समाप्त भई वा अन्य कुनै कारणले अनुपस्थित हुने भएमा नयाँ अध्यक्ष नियक्ति नभएको अबधिसम्म नेपाल सरकार अर्थमन्त्रालयले प्राधिकरणको उपाध्यक्षलाई अध्यक्षको काम गर्ने गरी कायममुकायम मुकरर गर्नेछ ।" |
| ६५. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | १४ | **<u>दफा १४ मा निम्नानुसारको प्रतिबन्धात्मक बाक्यांश थप गर्ने</u>**:<br>माथि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पद रिक्त भएको तीन महिनाभित्र पदपुर्ति गरिसक्नुपर्नेछ। |
| ६६. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार, | १६ | **<u>मूल ऐनको दफा १६ को उपदफा ३,४ र ५ थप गर्नेः</u>** |

| | | | |
|---|---|---|---|
| | मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | | (३) व्यवस्थापन समितिः बोर्डले गर्नुपर्ने कामहरु सुचारुरुपले संचालन तथा व्यवस्थापना गर्ने अध्यक्षको संयोजकत्वमा एउटा व्यवस्थापन समितिको गठन हुनेछ। व्यवस्थापन समितिको सदस्यहरुमा विशिष्ट श्रेणीका अधिकृत र सदस्य सचिवको रुपमा अध्यक्षले तोकेको कम्तिमा अधिकृत प्रथम श्रेणीको अधिकृत रहनेछ।<br><br>(४) उपदफा (३) बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार संचालन बोर्डले तोके बमोजिम हुनेछ।<br><br>(५) व्यवस्थापन समितिले कार्य सम्पादन गर्ने सिलसिलाममा आवधिकरुपमा देशको अर्थतन्त्र तथा समग्र पुँजी बजारको अवस्थाको विश्लेषण तथा मुल्यांकन गर्नुपर्नेछ। यसका लागि समितिले कम्तिमा महिनाको एकपटकमा बोर्डको प्रशासन र संचालन सम्बन्धमा, पुँजी बजारको अवस्था, नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था, बजारमा तत्कालीन समस्या तथा निराकरणका उपाय जस्ता विषयमा प्रतिवेदन तयार गरी समय समयमा बोर्ड बैठकमा पेश गर्नुपर्नेछ। |
| ६७. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | १७ | **<u>मूल ऐनको दफा १७ को उपदफा (२) निम्नानुसार कायम गर्नेः</u>**<br><br>(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार कुनै सदस्य, दफा १६ बमोजिम गठन भएको समिति वा उपसमिति वा बोर्डको वरिष्ठतम विशिष्ट श्रेणीको अधिकृतलाई मात्र प्रत्यायोजन गर्न सक्नेछ । |
| ६८. | मा. ठाकुर प्रसाद गैरे | १८ | **<u>उपदफा (४) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(४) स्पष्टिकरणमा ससुरापछि "मामा माइजु" भन्ने शब्दहरु थप्ने। |
| ६९. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | १८ | **<u>उपदफा (४) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(४) स्पष्टिकरणमा ससुरापछि "मामा माइजु" भन्ने शब्दहरु थप्ने। |

| | | | |
|---|---|---|---|
| ७०. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | २० | **मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राख्नेः-**<br>“२०.शपथ लिनुपर्नेः(१) प्राधिकरणमा नियुक्त भएका अध्यक्षले आफ्नो ओहदाको काम शुरु गर्नु भन्दा अगावै सर्वोच्च अदालतको न्यायाधीश समक्ष र उपाध्यक्ष वा सदस्य तथा सल्लाहकारले प्राधिकरण अध्यक्ष समक्ष तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ । |
| ७१. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | २५ | **मूल ऐनको दफा २५ पछि देहायको दफा २५क थप गर्नेः**<br>“२५क. प्राधिकरणलाई छुटः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रधिकरणको आम्दानी, कारोवार, घरजग्गा, जायजेथा, तथा सम्पत्तिमा सबै किसिमको कर, शुल्क तथा महसुल छुट हुनेछ ।” |
| ७२. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | ३६ | **मूल ऐन को ३६ मा (६) थप गर्नेः**<br>यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि बोर्डले धितोपत्र बजार संचालन अनुमति सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृति गराए पश्चात मात्र अगाडी बढाउनुपर्नेछ।<br>- मूल ऐनको दफा १ (क) हटाउने |
| ७३. | मा. गणेश पराजुली | ३८ | **उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः**<br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुँजी बजारको विकासका लागि सीमित संख्यामा (बढीमा ३ वटा) विशेष अनुमतिपत्र दिनुपर्ने अवस्था आएमा पारदर्शी प्रतिस्पर्धाका माध्यमबाट तोकिएको योग्यता पुगेका न्युनतम दुईवटा संस्थामध्ये राज्यलाई अधिकतम शुल्क बोलकबोल गर्नेलाई दिनुपर्नेछ। |
| ७४. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | ३८ | **देहायको उपदफा (३) थप गर्नेः**<br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुँजी बजारको विकासकालागि सीमित संख्यामा (बढीमा ३ वटा) विशेष अनुमतिपत्र दिनुपर्ने अवस्था आएमा पारदर्शी |

| | | | |
|---|---|---|---|
| | | | प्रतिस्पर्धाका माध्यमबाट तोकिएको योग्यता पुगेका न्युनतम दुईवटा संस्थामध्ये राज्यलाई अधिकतम शुल्क बोलकबोल गर्नेलाई दिनुपर्नेछ। |
| ७५. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | ४१ | **<u>हाल भएको दफा ४१ को सट्टामा देहाय बमोजिम राख्नु पर्ने:</u>**<br>"४१) न्यूनतम पूँजी र आर्थिक स्रोतः (१) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा तीन अर्ब रुपैयाँमा नघट्ने गरी समय-समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।<br>(२) यस ऐन लागू हुँदाको बखत संचालनमा रहेको धितोपत्र बजारले उपदफा (१) बमोजिमकै न्यूनतम चुक्ता पूँजी दुई बर्षभित्र पुर्याइसक्नु पर्नेछ।" |
| ७६. | मा. तोसिमा कार्की | ४२ | **<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br>(२) धितोपत्र बजारसँग सञ्चालन गर्ने संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र तोकिए बमोजिमको वार्षिक शुल्क बोर्डमा बुझाई धितोपत्र बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्नुपर्नेछ। |
| ७७. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | ४४ | **<u>दफा ४४क. र ४४ख. थप गर्ने:</u>**<br>४४क. धितोपत्र बजार (Stock Exchange) को अनुमति प्रदान गर्दा प्रतिस्पर्धात्मक बोलकवलद्वारा दिनु पर्दछ।<br>४४ख. धितोपत्र वजारले कारोवारको लागि स्तरीय र विश्वसनीय Software को व्यवस्थाः धितोपत्र वजारले वजार स्थात्विक र विकासको लागि कारोवारको लागि स्तरीय र विश्वनीय Software को रुपमा स्टक एक्स्चेंजमा अन्तर्राष्ट्रिय स्तरको Tested software राख्ने व्यवस्था गर्नु पर्दछ। |
| ७८. | मा. गणेश पराजुली | ४९ | न्यूनतम पूँजी र आर्थिक स्रोतः<br>(१) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा तीन अर्ब रुपैयाँमा नघट्ने गरी समय समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो |

| | | | |
|---|---|---|---|
| | | | संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।<br>(२) यस ऐन लागू हुँदाको बखत संचालनमा रहेको धितोपत्र बजारले उपदफा (१) बमोजिमकै न्यूनतम चुक्ता पूँजी दुई बर्षभित्र पुर्याइसक्नु पर्नेछ। |
| ७९. | मा. नागिना यादव | ५६ | **दफा ५६ को उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः**<br>अनुमति पत्र प्राप्ति पश्चात कम्तीमा १० बर्षसम्म Merger गर्न नपाउने । (गाभीने वा गाभ्ने प्रक्रिया) मा जान नपाउने। |
| ८०. | मा. ठाकुर प्रसाद गैरे | ६१ | **उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः**<br>(२) सात पछि "देखि पन्ध्र" शब्द थप्ने। |
| ८१. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | ६३ | मूल ऐनको दफा ६३ (१) को "धितापत्र दलाली" को सट्टा "धितोपत्र खरिद बिक्री व्यवसाय" (यही अनुसार अन्य दफा उपदफामा पनि संशोधन हुनुपर्ने) । |
| ८२. | मा. दामोदर पौडेल,<br>मा. दिपा शर्मा | ६१ | **उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः**<br>(२) सात पछि "देखि पन्ध्र" शब्द थप्ने। |
| ८३. | मा. मैना कार्की | ६३ | मूल ऐनको दफा ६३ (१) को धितोपत्र दलालीको सट्टा धितोपत्र खरिद विक्री व्यवसाय यही अनुसार अन्य दफा उपदफामा पनि संशोधन हुनु पर्नेः |
| ८४. | मा. नागिना यादव | ६३ | **दफा ६३ को उपदफा (झ) मा देहाय बमोजिम हुनु पर्नेः**<br>उपदफा (झ) पछि (ञ) विशिष्टकृत लगानी कोष थप गर्नुपर्ने र हालको (ञ) लाई (ट) गर्नुपर्ने। |

| | | | |
|---|---|---|---|
| ८५. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | ६४ | मूल ऐनको दफा ६४(१) मा ........"धितोपत्र दलाली" को सट्टा "धितोपत्र खरीद विकी व्यवसायको" राखु पर्ने |
| ८६. | मा. नागिना यादव | ८२ | **<u>दफा ८२ को उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि म्यादभित्र लेखा परीक्षण हुन नसकेको कारणबाट हिसाब तथा विवरण (वासलात तथा नाफा नोक्सान, हिसाब) पेश गर्न नसक्ने धितोपत्र व्यवसायीले पछि लेखा परीक्षण भईसकेपछि वास्तविक हिसाब तथा विवरण (वासलात तथा नाफा नोक्सान, हिसाब) बुझाउने गरी, लेखा परीक्षण नभई सकेको हिसाब तथा विवरण (CA Auditor) बुझाउन सक्नेलाई यथावत राखिनुपर्ने न्यायोचित देखिन्छ। (आयकर कार्यालय वा विभागमा समेत सो थप व्यवस्था भएको) |
| ८७. | मा. गणेश पराजुली | ९४ | **<u>हाल नभएकोः</u>**<br>केही सिमित व्यक्तिहरू समूहमा मिलेर एक आपसमा कारोबार गर्दै, उक्त समूहले सामूहिक रुपमा धारण गरेको स्वामित्वमा तात्विक फरक नहुने गरी सर्कुलर ट्रेडिङ गरेमा। |
| ८८. | मा. डा. स्वर्णिम वाग्ले, मा. सुमना श्रेष्ठ | ९४ | **<u>देहायको उपदफा (ग) थप गर्ने</u>**:<br>"(ग) शेयर मार्केटमा बदनियतपूर्ण मिलेमतोमा सर्कुलर ट्रेडिङ, इन्साइडर ट्रेडिङ, कर्नरिङ गरेमा ।" |
| ८९. | मा. गणेश पराजुली | ९५ख | धितोपत्र एकतृत (कर्नरिङ) गर्नेः धितोपत्रको माग वा आयातलाई नै प्रभावित गर्ने गरी कुनै लगानीकर्ताले आफ्नो, एकाघर परिवारको अथवा आफ्नो वा एकाघर परिवारको बहुमत शेयर रहेको कुनै संस्थाबाट धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाको तीन प्रतिशत भन्दा बढी धितोपत्र दुई महिना वा सो भन्दा कम अवधिमा, |

| | | | |
|---|---|---|---|
| | | | बोर्डलाई खरिद गर्न लागेको जानकारी तीन दिन अगावै नदिइकनै गर्दछ भने धितोपत्र त्यस्तो कार्यलाई धितोपत्र एकतृत (कर्नरिङ) गरेको मानिनेछ । |
| ९०. | मा. गणेश पराजुली | १०३ | उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात सहितको प्रारम्भिक प्रतिवेदन तीस दिनभित्र बोर्ड बैठकमा पेश गर्नु पर्नेछ। अनुसन्धान गर्ने समूहमा नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको प्रतिनिधित्व अनिवार्य हुन पर्नेछ। |
| ९१. | मा. डा. स्वर्णिम वाग्ले,<br>मा. सुमना श्रेष्ठ | १०३ | **<u>उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(३) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात सहितको प्रारम्भिक प्रतिवेदन तीस दिनभित्र बोर्ड बैठकमा पेश गर्नु पर्नेछ। अनुसन्धान गर्ने समूहमा नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको प्रतिनिधित्व अनिवार्य हुनु पर्नेछ। |
| ९२. | मा. गगनकुमार थापा,<br>मा. जीवन परियार,<br>मा. प्रतिमा गौतम,<br>मा. कुसुमदेवी थापा | १०३ | मूल ऐनको दफा १०३ माः-<br>(१) कसैले दफा ९१,९४,९५,९६,९७,९८,९९ वा १०० बमोजिमको कसूर गरेको छ भनी कसैको उजूरी बोर्ड वा यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने निकायमा परेमा वा त्यस्तो कसूर सम्बन्धी जानकारी कुनै व्यहोराले बोर्डमा प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्नेमा बोर्ड विश्वस्त भएमा कम्तिमा अधिकृत द्वितीयस्तरको कर्मचारीलाई तहकिकात अधिकारी तोकी तहकिकात गर्नुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको अधिकृतले तहकिकात गर्दा कसुरसँग सम्बन्धित व्यक्ति वा संस्थासंग सोधपुछ गर्न, आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्नेछ। |

| | | | |
|---|---|---|---|
| | | | (३) उपदफा (१) बमोजिम तहकिकात गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयसँग आवश्यक सहयोग तथा समन्वय गर्न सक्नेछ।<br><br>(४) उपदफा (१) बमोजिमको तहकिकात अधिकारीले मुद्दाको अनुसन्धान गरी प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकिल कार्यालयको राय लिनुपर्नेछ।<br>(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भएमा अनुसन्धानको काम पूरा भएको पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ। |
| ९३. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | १११ | **<u>मूल ऐनको दफा १११ पछि देहायको दफा १११क थप गर्ने:</u>**<br>“१११क. धितोपत्र सम्बन्धी ऐन लागू हुनेः धितोपत्र बजार संचालन, नियमन, व्यवस्थापन वा सोको कार्यक्षेत्र भित्र पर्ने कुनै पनि विषयमा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा भएको व्यवस्था लागू हुनेछ।” |
| ९४. | मा. श्याम कुमार घिमिरे,<br>मा. राजेन्द्र कुमार के.सी.,<br>सञ्जय कुमार गौतम,<br>मा. राजेन्द्र बजगाई,<br>मा. कल्पना चौधरी | ११६ | **<u>मूल ऐनको दफा ११६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखे:-</u>**<br>(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकार अर्थ मन्त्रालयले प्राधिकरणलाई आवश्यक नियम बनाउने अधिकार प्रत्यायोजन गर्न सक्नेछ।” |
| ९५. | मा. माधव सापकोटा,<br>मा. छिरिङ डम्डुल लामा | नयाँ | **<u>नयाँ दफा थप गर्ने:</u>**<br>- पुँजी बजारमा हुने कारोबारको सेटलमेन्ट अवधि छोट्याउने व्यवस्था ।<br>- परिवर्तित प्रविधिको प्रयोगले निम्त्याउन सक्ने जोखिम न्यूनीकरणको व्यवस्था गर्ने। |

| | | | |
|---|---|---|---|
| ९६. | मा. मनिष झा | यस विधेयकमा संशोधन नभएको | <u>**मूल ऐनको दफा ७ (८) मा संशोधन गर्नु पर्नेः**</u><br><br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको पद रिक्त भएमा, उपदफा (७) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा अर्थ मन्त्रालयका सचिवले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ।<br><br><u>**मूल ऐनको दफा ७ (९) मा संशोधन गर्नु पर्नेः**</u><br><br>बोर्ड अध्यक्षको कार्यकाल सकिने मितिको एक महिना अगाडि नै अध्यक्षको नियुक्ति प्रकृया सम्पन्न गरिसक्नु पर्नेछ।<br><br>मूल ऐनको दफा **१० खण्ड ग** मा संशोधन गर्नु पर्नेः<br><br>"सात वर्षको" भन्ने शब्दको सट्टा "दश वर्षको" भन्ने शब्द राख्ने।<br><br><u>**मूल ऐनको दफा १४ मा संशोधन गर्नु पर्नेः**</u><br><br>कार्यकाल पूरा नहुँदै अध्यक्ष वा कुनै सदस्यको पद रिक्त हुन आएमा नेपाल सरकारले यस ऐन बमोजिमको नयाँ नियुक्तिको प्रकृया पूरा गरी कुनै व्यक्तिलाई नियुक्त गर्नेछ।<br><br><u>**मूल ऐनको दफा ३८ (३) मा संशोधन गर्नु पर्ने**</u>ः<br><br>यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पूँजी बजारको विकासका लागि सीमित संख्यामा (बढीमा ३ वटा) विशेष अनुमतिपत्र दिनुपर्ने अवस्था आएमा पारदर्शी प्रतिस्पर्धाका माध्यमबाट तोकिएको योग्यता पुगेका न्युनतम दुईवटा संस्थामध्ये राज्यलाई अधिकतम शुल्क बोलकबोल गर्नेलाई दिनुपर्नेछ।<br><br><u>**मूल ऐनको दफा ४९ मा संशोधन गर्नु पर्नेः**</u> |

| | | | |
|---|---|---|---|
| | | | **न्यूनतम पूँजी र आर्थिक स्रोतः**<br><br>(१) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा तीन अर्ब रुपैयाँमा नघट्ने गरी समय समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।<br><br>(२) यस ऐन लागू हुँदाको बखत संचालनमा रहेको धितोपत्र बजारले उपदफा (१) बमोजिमकै न्यूनतम चुक्ता पूँजी दुई बर्षभित्र पुर्याइसक्नु पर्नेछ।<br><br>**<u>मूल ऐनको दफा ९४ मा संशोधन गर्नु पर्नेः</u>**<br><br>केही सिमित व्यक्तिहरू समूहमा मिलेर एक आपसमा कारोबार गर्दै, उक्त समूहले सामूहिक रुपमा धारण गरेको स्वामित्वमा तात्विक फरक नहुने गरी सर्कुलर ट्रेडिङ गरेमा।<br><br>**<u>मूल ऐनको दफा ९५ (ख) मा संशोधन गर्नु पर्नेः</u>**<br><br>धितोपत्र एकत्रित (कर्नरिङ) गर्नेः धितोपत्रको माग वा आयातलाई नै प्रभावित गर्ने गरी कुनै लगानीकर्ताले आफ्नो, एकाघर परिवारको अथवा आफ्नो वा एकाघर परिवारको बहुमत शेयर रहेको कुनै संस्थाबाट धितोपत्र बजारमा सूचीकृत संगठित संस्थाको तीन प्रतिशत भन्दा बढी धितोपत्र दुई महिना वा सो भन्दा कम अवधिमा, बोर्डलाई खरिद गर्न लागेको जानकारी तीन दिन अगावै नदिइकनै गर्दछ भने धितोपत्र त्यस्तो कार्यलाई धितोपत्र एकत्रित (कर्नरिङ) गरेको मानिनेछ ।<br><br>**<u>मूल ऐनको दफा १०३ (३) मा संशोधन गर्नु पर्नेः</u>** |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात सहितको प्रारम्भिक प्रतिवेदन तीस दिनभित्र बोर्ड बैठकमा पेश गर्नु पर्नेछ। अनुसन्धान गर्ने समूहमा नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको प्रतिनिधित्व अनिवार्य हुन पर्नेछ। |

नोटः क्र.स. १ देखि ९६ सम्मका संशोधन प्रस्तावहरु छलफलका लागि स्वीकृत।

..................
(देवराज घिमिरे)
सभामुख